जि.का.सप्तरी द.नं. ३(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.चि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३९ अंक २५ २०७७ साल माघ ४ गते आइतवार (17 Jan 2021 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले भुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : सर्वोच्चको सर्वोच्चता कायम ... पृष्ठ ३ मा : चौबिस वर्षपछि फरार ... पृष्ठ ४ मा : बर्ड फ्लु भारतमा व्यापक, ... पृष्ठ ५ मा : महामारीको कारण ...

# आन्तरिक पर्यटनको केन्द्र बन्दै "धारापानी"



**राजविराज**/सप्तरीको उत्तरी भेगमा रहेको धारापानी अहिले आन्तरिक पर्यटनको केन्द्र बिन्दु बन्दै गएको छ। यस स्थलमा हरेक अंग्रेजी तथा नेपाली नयाँ बर्षसुरु भएसंगै आन्तरिक पर्यटकहरु पिकनिक मनाउन तथा घुमफिर गर्न पुग्दछन्। यस बाहेक अन्य दिनहरुमा पनि आन्तरिक पर्यटकहरु यस स्थलमा रमाउन पुग्दछन् ।

जिल्लाको कञ्चनरुप नगरपालिका १२ धरमपुरस्थित रहेको धर्मेश्वर महादेव धारापानी पर्यटकिय क्षेत्रमा रमाइलो र मनोरन्जनका लागि यहाँ दैनिक पिक्नीक (बनभोज) गर्नेहरुको भिड लाग्ने गर्दछ ।

आन्तरीक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको पूर्व -पश्चिम राजमार्गको सिमरा चौकदेखि करिब १ किलो मिटर उत्तर चुरे जंगलको फेदिमा रहेको छ ।

चारैतिर हरियाली वन, कहिल्यै नसुक्ने धारा, धर्मेश्वर महादेवको मन्दिर, तिरतिरे धारा, परेवा भिर, सहलेश पिडिया, कुन्तामाई थान, दोभान, पिक्निक स्पट, पार्क र सामुदायिक भवन रहेकै कारणले गर्दा पनि यहाँ आन्तरीक तथा बाह्य पर्यटकको रोजाइमा परेको कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्रको कथन छ ।

पुरातत्व विभागले निमार्ण गरिदिएको धर्मेश्वर महादेवको मन्दिरले गर्दा पनि यस ठाउँको आकर्षण बढेपछि आन्तरिक तथा बाहिरी पर्यटकहरु रमाइलो गर्नुको साथै पिकनीक (बनभोज) मनाउन पनि उल्लेखनिय संख्यामा पर्यटक आउने गरेको सोही ठाउँका स्थानिय उत्तम अचार्यको भनाई छ ।

जिल्लाको सदरमुकाम राजविराजसहित बिभिन्न ठाउँबाट रमाइलो तथा बनभोज गर्नका लागि अहिले धरै मानिसहरु धारापानी नै रोजने गरेको देखिएको छ ।

धारापानी भन्ने ठाउँमा हरियालि वनजङगल, पानी बग्ने खोला र मनोरंजन गर्ने उल्लेखनीय रुपमा ठाउँ भएकाले बनभोज खान पनि त्यहाँ जाने इच्चा भएको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. २ का प्रवेश यादवको भनाई छ ।

उक्त ठाउँमा आन्तरीक पर्यटक जानुका साथै पिकनिक ( बनभोज) गर्ने दैनिकरुपमा बिभिन्न जिल्लाहरुबाट बिद्यालयका बिद्यार्थी, अभिभावक, शिक्षक, शिक्षिका, युवायुवती र सार्वसाधारणको भिड लाग्ने गरेको छ ।

यस पर्यटन क्षेत्रमा वैशाखदेखि दैनिक नै हजारौंको हराहरीमा वनभोज खान आन्तरीक पर्यटक आउने गरेको पर्यटन क्षेत्रका अध्यक्ष लिलबहादुर मगरले बताउछन् ।

शान्त वातावरण, रमणीय ठाउँ भएका कारणले गर्दा पनि दशैं तिहार सकिएसँगै अग्रेजी बर्ष सुरु भएपछि पुस, माघ,फागुन महिनासम्म बढी मात्रामा आन्तरीक तथा बाह्य पर्यटकहरु यस ठाउँमा वनभोज खान र रमाइलो गर्न आउँने गरेको अध्यक्ष मगरको भनाई छ ।

उनी भन्छन यस ठाउँमा नेपाल भित्रका तथा भारतको विहार राज्यबाट पनि बढीमात्रामा वनभोज खान र भगवान् शिवको दर्शन गर्न आउने गरेको पाइएको छ । तर कोरोना माहामारीका कारण यस बर्ष भारतबाट बाहिरी पर्यटक आउने पर्यटकमा कमी देखिएको छ ।

ठाउँ राम्रो छ भनेर सुनेको थिए आएर हेर्दा सबै थोकको सुविधा सम्पन्न एवम रमणीय स्थान रहेको बनभोज खान त्यहाँ पुगेका पर्यटकहरु बताउँछन ।

धरमपुर स्थित रहेको धर्मेश्वर महादेव धारापानी यहाँको आकर्षणलाई अझै राम्रो बनाउन ताल बनाउने र स्टलहरु निर्माण गरी यस पर्यटकिय क्षेत्रलाई नमूना पर्यटक क्षेत्र बनाउने अभियानमा आफु पनि लागेको कंचनरुप नगरपालिकाका नगर प्रमुख मिश्रको भनाई छ ।

उनका अनुसार यस पर्यटक क्षेत्रमा १२ फिट अग्लो हनुमानको मूर्ति यसै आर्थिक वर्षमा निर्माण गरिने बताउदै राजमार्गदेखि पर्यटकिय क्षेत्रसम्म सार्वसाधारणलाई आउन जानका लागि बाटो कालो पत्रे गर्ने योजना समेत रहेको छ । साथै पर्यटकलाई सुविधा होस् भनेर ब्यवस्थित शौचालय निर्माण र खानेपानीको लागि धाराको समेत व्यवस्था गरिने नगरप्रमुख मिश्रको भनाई छ ।

# चिसो बढेपछि सबै विद्यालय बन्द

**राजविराज**/चिसो बढेसँगै सप्तरीको सप्तकोशी नगरपालिकास्थित सबै विद्यालय एक साताका लागि बन्द गरिएको छ ।

नगरपालिकाको बोर्ड बैठकले माघ १ देखी माघ ७ गतेसम्म नगरपालिका क्षेत्रभित्र रहेका सबै विद्यालय बन्द गर्ने निर्णय गरेको हो ।

अत्याधिक चिसोबाट बालबालिका बढी प्रभावित हुन थालेपछि नगरपालिका भित्र ११ सरकारी र १२ वटा निजि विद्यालयहरु माघ ७ गतेसम्मका लागि बन्द गर्ने निर्णय गरिएको नगर प्रमुख उत्तम गौतमले जानकारी दिएका छन् ।




# आर्थिक लाभ लिएर शिक्षक नियुक्ति भइरहेको छ : प्रोफेसर विश्वकर्मा

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर ६ स्थित लुखिया, लखिचन्द, सखिचन्द जनता माध्यमिक बिद्यालयमा आर्थिक लाभ लिएर भइरहेको शिक्षक नियुक्तिको आलोचना भएको हो ।

नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि प्रोफेसर वसन्त कुमार बिश्वकर्मा र रुपनी गाउँ पालिका वडा नम्बर ६ का बुथ समिति अध्यक्ष प्रमानन्द प्रसाद सिंह थारुले संयुक्त प्रेस-बिज्ञाप्ति जारी गर्दै हाल गर्न लागेको शिक्षक नियुक्तिको आलोचना गरेका छन् ।

बिद्यालय ब्याबस्थापन समिति र प्रधानाध्यापकले बिद्यालय र शिक्षाको बिकास भन्दा आफनो स्वार्थका लागि ती नियुक्ति गरिरहेको विज्ञप्तिमार्फत आरोप लगाइएको छ ।

बिद्यालय ब्याबस्थापन समिति र बिद्यालय प्रशासनको सो कार्यको बिरोध गर्दै बिश्वकर्मा र चौधरीद्वारा जारी बिज्ञाप्तिमा बिद्यालय र शिक्षाको बिकासप्रति ब्यबस्थापन समिति र प्रधानाध्यापकको चासो नभएको आरोप पनि लगाइएको छ ।

बिज्ञाप्तिमा आर्थिक चलखेल र ब्यक्तिगत स्वार्थको कारण बिद्यालयमा शिक्षक छनौटको परीक्षा समेत लिन असफल भएको भन्दै बिद्यालय ब्याबस्थापन समिति र प्रधानाध्यापक दिनेश यादवको ब्याक्तिबादी र जातिबादी सोचले बिद्यालय धारासायी हुँदै गएको उल्लेख छ ।

बिद्यालयको सम्पत्तिको दुरुपयोग हुँदै गएको भन्दै बिज्ञाप्तिमार्फत शिक्षाको अबस्था अति जटिल बन्दैछ । बिद्यार्थी संख्या बिगतको तुलनामा ह्वात्तै घटेको छ । बिद्यालयमा भ्रष्टाचार बढेको र शिक्षाको अबस्था कमजोर हुँदै गएकोले बिद्यालयमा सुशासन कायम गर्न स्थानीय सरकार र प्रदेश सरकारलाई आग्रह गरिएको छ ।

यता बिद्यालयका प्रधानाध्यापक दिनेश कुमार यादवले बिद्यालय र आफूमाथी लगाएको आरोप निरधार रहेको बताए । उनले स्थानीय सरकारको प्रतिनिधिहरुको रोहबरमा परीक्षालाई मर्यादित र पारदर्शी बनाउन शैक्षिक प्राबधान बमोजिम गाउँपालिका नजिकको निजी बिद्यालयमा परीक्षा लिईएको प्रतिक्रिया दिएका छन् ।

## सम्पादकीय

# पालो जसको पनि आउन सक्छ, त्यसैले आजैदेखी सुधारौं

महिलामाथि गरिने हिंसाका अनेक रुप छन् । महिलालाई बोक्सीको आरोपमो समाजले नाना थरिका यातना दिएको हामीले यदाकदा पढ्ने, सुन्ने र हेर्ने गरेका छौं । यसले हामी कति संवेदनहीन हुन सक्छौं भन्ने तथ्य उदाङ्गो पार्दछ । मानिस भौतिक रुपमा विकास हुँदै गएपनि अन्धविश्वास र कुरीतिका घटनामा कमी आउन सकेको छैन । महिलाप्रति हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धिको पक्ष राष्ट्र नेपाल पनि भएको हैसियतले नेपालमा महिलाप्रति हुने भेदभाव र हिंसा अन्त्य गर्ने जिम्मेवारी सरकारले लिनैपर्ने हुन्छ ।

महिलालाई दोश्रो दर्जाको नागरिक र भोग्य वस्तुका रुपमा हेर्ने हाम्रो पुरुषवादी सोचका कारण यस्ता घटनाहरु दिनानुदिन हाम्रो समाजमा बढ्दै गएको छ । महिलालाई बोक्सीको आरोप लगाई कुटपिट गर्ने, मलमूत्र खुवाउने, मुंडन गरेर गाउँभरि डुलाउने जस्ता अमानवीय कृत्यले मानवतालाई नै लज्जित तुल्याउने गरेको छ । यस्ता घटनाहरुका हकमा कडा कानून र सोको इमान्दारीपूर्वक कार्यान्वयनको खाँचो महसुस गर्न थालिएको छ । कानूनी रुपमा जबसम्म यस्ता घटनाका दोषीहरुलाई कडा सजाय दिदैन, तबसम्म अपराधीहरुको मनोबल घट्ने छैन । कानूनी उपचारका साथै सामाजिक चेतना र सामाजिक न्यायको समेत उत्तिकै आवश्यकता रहेको छ ।

तसर्थ, जबसम्म हामी सबै यस्ता घटनाका विरुद्ध गोलबद्ध हुँदैनौं तबसम्म घटना दोहोरिनै रहन्छ, पात्र मात्र फरक हुन्छन् । हिजो छिमेकीको पालो थियो भने भोलि हाम्रो पालो नआउला भन्न सकिन्न ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सर्वोच्चको सर्वोच्चता कायम रहोस्



**विमल प्रसाद श्रीवास्तव**

प्रतिनिधिसभा विघटनपछि प्रधानमन्त्रीको सम्बोधनलाई लाज पचाउनका लागि जे मन लाग्यो त्यही बोल्ने हो जस्तै हो । आफ्नो आन्तरिक झगडाले गर्दा संसद विघटन गर्नुपर्ने तुकै छैन । तपाईँलाई तपाइँको पार्टीले सहयोग गरेन भने संसद विघटनसँग सम्बन्धित कुरा नै होइन । त्यसकारणले एउटा बहाना लिएर प्रधानमन्त्रीले देशवासीको नाममा सम्बोधन गर्नुभएको छ । यो त लाज पचाउने कुरा मात्र हो । कसैले आफ्नो लोग्ने स्वास्नीबीचको घरको झगडालाई सार्वजनिक गरेर अरुलाई बदनाम गर्नु राम्रो होइन नि ।

यस विषयमा हाम्रो पार्टीले एउटा निर्णय पनि गरेको छ । हामी सडक संघर्षमा छौं । त्यसमा सबै पार्टी मिलेर एउटा निर्णय गर्ने भन्ने कुरा पनि छ । त्यसको कानूनी उपचारको कुरा पनि भइरहेको छ । त्यसकारणले यस विषयमा केही प्रतिक्षा गर्नुपर्छ ।

कानूनसम्मत प्रतिनिधिसभा विघटन गर्नुपर्ने मिल्दैन, संविधानमा यसको बारेमा कहीं कतै उल्लेख नै छैन । जुन प्रक्रियाअनुसार विघटन गर्नुपर्ने हो त्यो समय नै आएको छैन । न कुनै अनिकाल आएको छ, न त विश्वासको मत नै दर्ता भएको छ । त्यसैले कुन कारणले विघटन गर्ने भन्ने कुरा त अन्योलमा छ । 'नेपालको कानून दैवले जानून' भने जस्तै यिनीहरु गरिरहेका छन् । यसमा सर्वोच्च अदालतले के गर्छ वा गर्दैन भन्ने कुरामा निर्भर छ । सर्वोच्च अदालतमा पनि पार्टीको कोटाअनुसार राखेका छन् । त्यसबाट के अपेक्षा गर्न सकिन्छ त ? तैपनि विकल्प पनि छैन । सर्वोच्चमाथि आशा त गर्नैपर्छ ।

प्रधानमन्त्रीसँग अरु उपाय नै छैन, अन्य कुनै बहाना नै छैन । यी सब कुरा लाज पचाउने कुरा मात्रै हो । ताजा जनादेश नै आवश्यक थियो भने संसदको आयु पाँच किन तोकेको हो ? एक-एक वर्षका लागि चुनाव गरिदिएको भए भइहाल्थ्यो नि । संसदको आयु पाँच वर्ष तोक्ने केही कारण त होला नि । अब जस-जसलाई चित बुझेन उसले संसद भंग गरिदियो भने त्यसको कुनै मतलबै भएन । आफ्नो घर झगडाका कारणले छिमेकीको घर जलाइदिने ? यदि अविश्वासको प्रस्ताव प्रक्रियागतरुपमा आएको छ भने सामना गर्नुपर्दथ्यो । त्यसमा यदि आफू सफल हुन नसकेको भए त्यसपछि त्यो बाटो रोज्नुपर्दथ्यो । त्यसरी गएको भए एउटा तर्कपूर्ण कुरा हुन्थ्यो । तर अविश्वासको प्रस्ताव प्रक्रियागत रुपमा आएको छ कि छैन, उहाँले सामना गर्न सक्नु हुन्छ कि हुन्न भन्ने कुराहरु नहेरिकन आफ्नो फेस ल्याण्डिङ्गका लागि यसरी भाग्नु राम्रो होइन ।

संसद विघटनमा बाहिरी दबाब होला जस्तो लाग्दैन । आन्तरिक कारणले नै संसद विघटन गर्नुपरेको कुरा उहाँ आफैले भनिहाल्नुभयो । जब उहाँको आफ्नो आन्तरिक कारणले विघटन गर्नुभएको छ भने अरु दोष दिएर त हुँदैन नि । यदि तपाइँको पार्टीमा कसैले बदमासी गरेको छ भने पार्टी कानूनअनुसार कारबाही गर्नुस्, त्यो त तपाइँको आन्तरिक कुरा भयो ।

इमान्दारीका साथ भन्ने हो भने विपक्षीसँग ताकत नै छैन । संख्यात्मक दृष्टिकोणले हेर्ने हो भने यति धेरै कम संख्या कि विपक्षीले केही गर्नै सक्दैन । आफ्नो आन्तरिक कुरा मिलाउन नसक्ने तर चौतर्फी घेराबन्दीमा परें, मलाई हटाउन खोज्यो लगायतका कुरा गर्नु केटाकेटीको कुरा हो । उहाँलाई कसले काम गर्न नदिएको हो ? जनतामा अलिकति पनि सन्तुष्टि छैन । कोरोनाको महामारी थियो, तर आफ्नै आन्तरिक विवादमा लागिरह्यो । उहाँको कार्यले आफ्नै पार्टीका मान्छेहरु सन्तुष्ट देखिएनन् । त्यसकारणले यो सब बहानाबाजी हो कि मलाई घेराबन्दीमा गरे ।

अध्यादेश ल्याउनु सरकारको कुरा हो । सरकारलाई गाह्रो-साह्रो पऱ्यो उसले अध्यादेश वा विधेयक ल्यायो । सरकारले जे सिफारिस गरेर पठाउँछ, त्यसलाई राष्ट्रपतिले स्वीकृत गर्ने हो । यसबाहेक राष्ट्रपतिको कुनै अधिकार नै छैन । हाम्रो देशमा अलंकारिक राष्ट्रपति मात्रै हो । सरकारले जे गर्छ त्यसमा छाप लगाउने बाहेक अन्य कामै छैन राष्ट्रपतिको । त्यसैले राष्ट्रपतिलाई दोष दिनु उचित होइन । कुनै गतिविधि गर्ने राष्ट्रपतिको क्षेत्रै छैन नि । राष्ट्रपतिले एकचोटि पुनर्विचार गर्ने हो कि भन्ने मात्रै हो । नबुझ्नेहरुले मात्रै राष्ट्रपति मुछ्ने गरेका छन् । त्यसकारणले राष्ट्रपतिको भूमिकामाथि प्रश्न उठाउनुपर्ने कारण छैन । निरीह प्राणीजस्तै अहिले राष्ट्रपति हुनुहुन्छ । डा.रामवरण यादवले आफ्नो पालाको सम्झनुभएको होला ।

विगतका केही अभ्यासहरुलाई हामीले अध्ययन गर्ने हो भने सर्वोच्च न्यायाधीशहरु पनि तीन किसिमका छन् । माओवादी, एमालेले र कांग्रेसले आआफ्नो कोटाअनुसार सर्वोच्चमा न्यायाधीशहरु राखेका छन् । भनेपछि न्यायाधीशहरु त त्यहीं पक्षका हुन् । अब यी तीनटै पक्षमध्ये कसको बहुमत पुग्छ, त्यसमा भर पर्छ । किनभने कुनै एकल इजलासले यस विषयमा निर्णय गर्न मिल्दैन । यदि न्यायाधीशहरुले विवेकपूर्ण र संविधानको व्यवस्थाअनुसार गर्ने हो भने त संसद पुनर्बहाली हुनसक्छ । तर कोटामा न्यायाधीशहरु नियुक्त भएकाले के हुन्छ भन्न सकिन्न ।

कानूनतः अहिलेको अवस्थामा संसद विघटन गर्नुपर्ने कारण थिएन । यदि निष्पक्षताका साथ सर्वोच्चले फैसला गर्ने हो भने संसद विघटनलाई बदर गर्नुपर्ने हो । सर्वोच्चले चाहयो भने संसदलाई पुनर्बहाली गर्न सक्छ । किनभने यस्ता नजीरहरु पनि छन् । सबभन्दा ठूलो कुरो संसद भंग गर्नुपर्ने आवश्यकता नै थिएन ।

अन्त्यमा निर्वाचनमै जानुपर्ने हो, अन्य कुनै विकल्प पनि छैन । कुकुरलाई घ्यू पच्दैन भन्नेझैं नेपालमा दुई तिहाइ कसैलाई पच्दो रहेनछ । *(श्रीवास्तव जसपाका नेता तथा विघटित प्रतिनिधिसभाका सदस्य हुन् ।)*

*मधेश दर्पण फिचर सेवा*


**खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध**

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# चौबिस वर्षपछि फरार अभियुक्त पक्राउ

**राजविराज**/भैसी चोरी मुद्दामा कैद र जरिवाना पाएर फरार रहेका एक अभियुक्त २४ वर्षपछि पक्राउ परेका छन् ।

भैसी चोरी मुद्दामा संलग्न भएर फरार रहेका सप्तरीको कंचनरुप नगरपालिका ४ का लक्षण सरदारलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहका अनुसार २०५३ माघ २९ गते सोही वडाका भरतलाल बहरखेरको भैसी चोरेको आरोपमा चोरी मुद्दा अन्तरगत उनीमाथी कारवाही प्रक्रिया अघि बढाइएको थियो ।

सप्तरी जिल्ला अदालतबाट एक महिना कैद र ३७ हजार जरिवाना फैसला सुनाइएपछि सरदार फरार भएका थिए । पक्राउ परेका ५० वर्षिय सरदारलाई अदालतमा उपस्थित गराई आदेसानुसार कैद भुक्तानका लागि राजविराज कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# पशुपंक्षी औषधीको क्षेत्रलाई उचित व्यवस्थापन गर्ने : प्रदेश मन्त्री साह

**राजविराज**/प्रदेश २ का भुमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले राज्यले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेकोले पशुपंक्षी औषधीको क्षेत्रलाई समेत उचित व्यवस्थापन गर्ने प्रतिबद्धता जनाएका छन् ।

नेपाल पशुपंक्षी औषधि व्यवसायी संघ सगरमाथा शाखाको १०औं बार्षिक साधारण सभा तथा चौथौ शाखा अधिवेशनलाई सम्बोधन गर्दै उनले सो प्रतिबद्धता जनाएका हुन् ।

पशुपंक्षी औषधि व्यापारीहरुलाई उचित तालिम र प्रशिक्षण दिलाउन तथा दर्ता प्रक्रिया व्यवस्थित गर्न राज्यले उचित कानून निर्माण गराउनेतर्फ कार्य प्रारम्भ गरेकोले चाँडै पूरा गर्ने बताए । मन्त्री साहले उक्त कार्यका लागि पशु औषधि व्यावसायीहरु सजग हुनुपर्ने र समयमै राज्य सयन्त्रको ध्यानकर्षणा गराउनु पर्ने बताए ।

अधिवेशनमा बिशिष्ट अतिथिको आसनबाट बोल्दै नेपाल पशुपंक्षी औषधि व्यवसायी संघको केन्द्रीय प्रथम उपाध्यक्ष यज्ञराज ढकालले राज्यले कृषि औषाधी र पशु औषधि बिक्रेतालाई बेग्ला बेग्लै दर्ता प्रक्रियामा गराउने प्रावधानका कारण व्यावसायीमा समस्या उत्पन्न भएको गुनासो पोखे ।

अधिवेशनको उदघाटन सत्रमा संघका केन्द्रिय उपाध्यक्ष नारायण प्रसाद यादव, प्रदेश नं. २ का उपाध्यक्ष प्रदीप दाहाल, संघको कोशी शाखाका पूर्व अध्यक्ष बिष्णु प्रसाद निरौला, निर्वाचन अधिकृत सतीशकुमार दत्तलगायतका बक्ताहरुले सम्बोधन गरेका थिए ।

यसैबीच अधिवेशनको बन्द सत्रले बेल्टार उदयपुरका प्लादकुमार कटुवालको नेतृत्वमा नयाँ कार्य समिति निर्विरोध निर्वाचित गरेको छ ।

# हत्यामा संलग्न एक कारागार चलान, तीन धरौटीमा रिहा

**राजविराज**/माछा मार्ने विषयका क्रममा झडप हुँदा मृत्यु भएकी महिलाको हत्यामा संलग्न एक जना अदालतको आदेशमा कारागार चलान भएका छन् । त्यस्तै सोही घटनामा संलग्न तीन जना धरौटीमा रिहा भएका छन् ।

सप्तरीको बोदेबरसाईन नगरपालिका ३ का ३६ वर्षिय रबितकुमार मण्डल कारागार चलान भएका हुन् । घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका सोही वडाका शिवचरण मण्डल, सुरेन्द्र मण्डल र बिजय मण्डल अदालतको आदेशमा जनही ५०/५० हजार रुँपैया धरौटीमा रिहा भएका छन् ।

गत मंसिर २८ गते माछा मार्ने विषयमा विवाद हुँदा रबित मण्डलको नेतृत्वमा रहेको एक समूहले घरेलु हातहतियारले आक्रमण गर्दा सोही वडा निवासी ३४ वर्षिया गंगियादेवी मण्डलको घटनास्थलमै मृत्यु भएको थियो ।

# साँढेको आक्रमणमा परि ८० वर्षिया बृद्धाको मृत्यु

**राजविराज**/साढेको आक्रमणमा परी एक ८० वर्षिया बृद्धाको मृत्यु भएको छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका २ मोहनपुरकी ८० वर्षिया दुर्गिदेवी साहको साढेको आक्रमणमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

सोमबार राती १० बजेतिर घर नजिकै साहलाई सडकमा छाढा छाडिएको साढेले आक्रमण गरेको थियो । साढेले सिंगले पछाडेर गम्भिर घाइते भएकी साहलाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीको भनाई छ ।

# बयलगाडा जुलुस प्रदर्शन

**राजविराज**/नेकपाका प्रचण्ड नेपाल समुह आवद्ध विद्यार्थी संगठन अनेरास्ववियु सप्तरीले राजविराजमा प्रतिनिधिसभा विघटनको बिरोधमा वयलगाडासहित बिरोध प्रदर्शन गरेको छ ।

अनेरास्ववियु सप्तरीका उपसंयोजक रंजित मंडलको नेतृत्वमा स्थानिय शिव मन्दिरको प्राङ्गणबाट निस्केको वयलगाडासहितको बिरोध जुलुस नगरको विभिन्न भागको परिक्रमा गरेको थियो ।

वैयलगाडासहितको जुलुसमा सहभागिहरुले असंवैधानिक रुपले प्रतिनिधिसभा विघटनको विरोध गर्दै बिरोधसभा समेत गरेको थियो ।


## योग्य सेवा प्रदायकहरुको सुचिकरणका लागि आशयपत्र आव्हान सम्बन्धि सुचना

सेभ द सप्तरी एक गैर सरकारी, मुनाफारहीत तथा बालबालिकाको लागि तथा दीर्घकालीन सकारात्मक परिवर्तनका लागि सप्तरी जिल्लामा काम गर्ने एउटा राष्ट्रिय गैर सरकारी संस्था हो । सेभ द सप्तरीले आफ्नो कार्य क्षेत्रमा तपसिल बमोजिमका आवश्यक विभिन्न सर सामग्री तथा सेवाका लागि योग्यता हासिल गरेका सेवा प्रदायकहरुको सुचिकरण गर्नु पर्ने भएकोले सो प्रकृयाको लागि यो आशयपत्र आव्हान गरिएको छ ।

**आवश्यक सामग्री तथा सेवाहरुको वर्गीकरण :**

| | | | |
|---|---|---|---|
| १ | कार्यालय मसलन्द स्टेशनरी, खेलकुद तथा अन्य विविध सामग्रीहरु | १० | होटल सेवा, ट्रेनिङ्ग हल तथा लज |
| २. | फर्निचर तथा फर्निसिंग सम्बन्धि सामग्रीहरु | ११. | इन्धन आपुर्ति |
| ३. | कम्प्युटर, सर्भर, प्रिन्टर, तथा अन्य आइ.टी./सुचना प्रविधि सामग्रीहरु | १२. | सवारी साधन तथा भाडा सम्बन्धि सेवा - मारुती, स्कोरपिओ, बोलेरो, बस, ट्रेक्टर, कार, जीप ...) |
| ४. | छपाई, फोटोकपी, फ्लेक्स प्रिन्ट तथा अन्य छपाई सम्बन्धि सामग्रीहरु | १३. | विज्ञापन, श्रव्य तथा दृश्य सामग्री उत्पादन तथा प्रशारण |
| ५. | हार्डवेयर सामग्री आपुर्ति | १४. | कुरियर सेवा |
| ६. | विद्युतीय सेवा तथा विद्युतीय सामग्रीहरु | १५ | ट्रेनर, प्रतिवेदक, प्रस्ताव लेखन तथा परार्मश सेवा |
| ७. | सवारी साधन विक्री, अतिरीक्त पार्टपूर्जा, मरम्त संभार | १६. | औषधीय तथा स्वस्थय एवं सरसफाई सम्बन्धि सामाग्री । |
| ८. | बिउ बिजन, मलखाद्य तथा कृषिजन्य उपकरण | १७. | किराना सामग्रीहरु |
| ९. | टेन्ट तथा डेकोरेशन | | |

योग्यता हासिल गरेका सरोकारवाला सेवा प्रदायकहरुले आफ्नो सेवा प्रदायकहरुको सुचिकरणका लागि तोकिएको पुर्व योग्यता निर्धारण फारम भरी आशयपत्रका साथ आवश्यक कागजपत्रहरु समेत संलग्न राखि १३ माघ २०७७ भित्र कार्यालयको समय अनुसार सेभ द सप्तरी, राजविराज-७ (जि.वि.स.को उत्तरपट्टीको गेटमा) पठाउन हुन अनुरोध छ । पुर्व योग्यता निर्धारण फाराम यस कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ ।

**सेभ द सप्तरी, राजविराज-७, सप्तरी (जि.वि.स.को उत्तरपट्टीको गेटमा)**
**फोन नं. ०३१-५२०९४२, ९८०१५२२८०१, ९८०१५२४४९५**
**ईमेल : savethesaptari14@gmail.com**



## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# बर्ड फ्लु भारतमा व्यापक, नेपालमा कति जोखिम ?

भारतमा बर्ड फ्लुको प्रकोप देखिएको छ । भारतीय सञ्चार मध्यमहरुका अनुसार घरेलु पक्षी (जस्तैः हास) समुदायमा देखिने काग लगायतका पक्षीहरु एकपछि अर्को गर्दै मर्न थालेपछि यसको कारण पत्ता लगाउने क्रममा बर्ड फ्लु भाइरस पत्ता लागेको हो । इन्फ्लुएन्जा 'ए' अन्तर्गतको एचफाइबएनएइट (H5N8) स्ट्रेन बर्ड फ्लु पत्ता लागेको हो । यो भाइरस नेपालमा पहिलो पटक सन् २०१७ मार्च महिनामा देखिएको थियो ।

नेपालमा पहिलो पटक बर्ड फ्लु सन् २००९ मा घेरेलु पक्षीमा देखा परेको थियो । त्यो एचफाइबएनवान (H5N1) स्ट्रेनको बर्ड फ्लु भाइरस थियो । त्यसको ठिक दस वर्षपछि सन् २०१९ मा यही बर्ड फ्लु भाइरसको कारणले नेपालमा २१ वर्षीय युवकको मृत्यु भएको थियो । यो नै मानिसमा बर्ड फ्लु भाइरस संक्रमण प्रमाणित र मृत्यु भएको पहिलो घटना थियो । यो घटना नेपालको लागि पहिलो भए पनि अन्तिम भने होइन । यो घटनाले नेपालमा देखिँदै आइरहेको H5N1 बर्ड फ्लुको भाइरस पक्षीबाट मानिसमा सर्न सक्ने र तसर्थ जोखिम बढ्दै गइरहेको भन्न सकिन्छ ।

H5N1 बर्ड फ्लु भाइरसलाई उच्च घातक रोग मानिन्छ । विश्व स्वास्थ संगठनका अनुसार मानिसलाई संक्रमण गरे यसको मृत्युदर ६० प्रतिशतसम्म रहने भनिएको छ । यो भाइरस पक्षीबाट मानिसमा सर्ने भए तापनि मानिसबाट मानिसमा सहजै सर्दैन भनिने गरिएको छ । तर यो पंक्तिकारले विश्व स्वास्थ संगठनको सन् २००७ देखि २०१२ सम्मको तथ्यांकलाई होसियारीका साथ विश्लेक्षण गर्दा अत्यधिक मात्रामा ५ वर्ष मुनिका बालबालिकामा पनि H5N1 बर्ड फ्लुको संक्रमण देखिएको तथ्यांक देखिन्छ । यसले यो अति घातक मानिएको H5N1 बर्ड फ्लु बालबालिकासम्म (जो पक्षी फार्मसम्म पुगेको हुँदैन) सरिरहेको तरिका र घातकताको बारेमा हामीसँग सटिक र सही जानकारी अति सीमित रहेछ भन्ने बुझिन्छ ।

मानिसलाई ज्छल्ज्ञ बर्ड फ्लु भाइरसले संक्रमण गरे उच्च ज्वरो, खोकी लाग्ने, घाँटी दुख्ने, जिउ दुख्ने जस्ता मुख्य लक्षणहरु देखिने गर्छ । पेट दुख्ने, छाती दुख्ने, पखाला लाग्ने जस्ता थप अरु लक्षणहरु पनि देखिन सक्छ भने जटिल अवस्थामा श्वासप्रश्वासमा अवरोध तथा निमोनिया समेत हुनसक्ने छ ।

यी लक्षण कोभिड १९ सँग पनि मिल्दोजुल्दो हुने भएकोले रोगको निदान गर्न प्रयोगशाला परीक्षणको आवश्यकता पर्नेछ । नेपालमा पहिलो पटक मानिसमा देखिएको बर्ड फ्लु पुष्टि गर्न नमुना विदेशमा पठाउनु परेको थियो । हाल हरेक सिजनमा देखिने र देखिँदै आइरहेका फ्लुका अरु प्रजातिको पहिचान नियमित हुने गरिरहेको भए तापनि शंकास्पद बर्ड फ्लु संक्रमितको नियमित टेष्ट भने हुँदैन ।

दुई वर्ष अगाडि यो पंक्तिकारले एक परिवारका दुई कुखुरा पालक कृषकमा उनीहरुको फर्ममा बर्ड फ्लुका कारणले दैनिक सयौ कुखुरा मर्न थालेपछि ज्वरो, खोकी र निमोनिया जस्ता लक्षणहरु देखिएको र पंक्तिकारले बर्ड फ्लु संक्रमणको शंका गरेको भएर पनि परीक्षण गर्ने प्रविधि नहुँदा निदान गर्न नसकिएको घटना ताजै छ ।



डा शेरबहादुर पुन

नेपालमा हाल कुखुरा (अरु पक्षीहरु पनि) पालक कृषकहरु बढ्दै गइरहेकोले बर्ड फ्लु संक्रमणको द्रुत पहिचान र समयमै उपचारको लागि पनि बर्ड फ्लु पहिचान गर्ने प्रविधि सहज रुपमा उपलब्ध हुन जरुरी भइसकेको छ । किसान बाहेक पक्षी ओसार पसार गर्ने, पक्षी व्यापार गर्ने वा त्यहाँ पुग्ने ग्राहक र त्यसको बध गर्नेहरु पनि बर्ड फ्लुको उत्तिकै जोखिममा पर्ने समूहहरु हुन् । तसर्थ उनीहरुलाई पनि बर्ड फ्लु सम्बन्धी जानकारी र रोगको पहिचान गर्ने सुविधा सहज हुनुपर्छ ।

बर्ड फ्लुको उपचारको लागि हाल सिजनल फ्लु सक्रमण हुँदा दिने औषधिहरु नै प्रयोग गर्ने गरिन्छ । यसमा विशेषत 'ओसेलटेमिभिर' नामक औषधि नै प्रयोग गर्ने गरिन्छ । यसले लक्षण कडा हुनबाट बचाई मृत्यु हुनबाट रोक्ने छ । यो औषधि नेपाल सरकारले विगतदेखि नै निःशुल्क दिने गरेको छ ।

हुनत हाल भारतमा देखिएको बर्ड फ्लु ज्छल्ड स्ट्रेनको हो र यसबाट मानिस संक्रमित वा मृत्यु भएको भने छैन । तर नेपालमा सन् २०१७ मा H5N8 सँगै ज्छल्ज्ञ स्ट्रेन पनि एकै पटक सँगै पक्षीहरुमा देखा परेको थियो । तसर्थ H5N8 मात्र देखिन्छ भन्न सकिँदैन भने H5N1 बर्ड फ्लु भाइरस नदेखिएला पनि भन्न सकिँदैन ।

भारतसँग नेपालको ठूलो खुला सिमानाको कारणले पक्षी ओसारपसारमा नियन्त्रण गर्न असम्भवप्रायः देखिन्छ । र, सबैभन्दा महत्वपूर्ण कुरा भनेको नेपालमा H5N1 बर्ड फ्लु भाइरसले मानिसमा संक्रमण गरी मृत्यु समेत गराएको इतिहास भएकोले भारतमा देखिँदै गरेको विकसित घटनाक्रमलाई नजिकबाट विश्लेषण गर्दै यो संक्रमणप्रति गम्भीर भई सतर्कता अपनाउनु जरुरी छ ।

सन् २०१९ मा यो पंक्तिकारले कुखुरा पालक कृषकहरुमा बर्ड फ्लु जस्तो लक्षण देखेको, सोही समयतिर काठमाडौँमा झन्डै तीन सयको हाराहारीमा कागहरु बर्डफ्लुको कारणले मरेको र अन्ततोगत्वा बर्ड फ्लु भाइरस संक्रमण (H5N1) कै कारणले एक युवाको दुखद निदन हुनुले पनि नेपालमा बर्ड फ्लुको जोखिम मानिसमा बढ्दै गइरहेको संकेत गर्छ ।

हाल भारतमा बर्ड फ्लु व्यापक बन्दै जाँदा नेपाल पनि यसको जोखिम बढ्दै गइरहेको छ । हाल घरेलु पक्षीहरुमा शंका लागे बर्डको फ्लु द्रुत परीक्षण गरिने सुविधा भए तापनि पक्षी पालक कृषकहरुको लागि बर्ड फ्लु शंका लागे शीघ्र पत्ता लगाउने सुविधा भने छैन जसले गर्दा समयमा नै रोगको पहिचान गरी उपचार गर्नबाट वन्चित भइरहेका छन् । जसले गर्दा कृषकहरुले ठूलो आर्थिक मार त खेप्नु नै पर्छ तर त्यो सँगसँगै गम्भीर स्वास्थ्य समस्याको जोखिम र बर्ड फ्लुबाट मृत्युको इतिहास नदोहोरिएला भन्न सकिँदैन ।

अन्त्यमा, यहाँ भन्न मन लागेको र मनन योग्य कुरा के छ भने, कोरोना परीक्षणको लागि भनेर प्रत्येक प्रदेशमा स्थापना भइसकेको रियल टाइम पिसिआर प्रविधिमार्फत नै बर्ड फ्लु भाइरसको पनि पहिचान गर्न सकिने भएकोले कोरोना महामारीपछि पनि सो प्रविधिलाई निरन्तरता दिन सके बर्ड फ्लु भाइरस लगायत अरु इमरजिङ भाइरसहरुको निदान गर्न पनि उपयुक्त हुने थियो । (डा पुन शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक हुन् ।) स्वास्थ्य खबरबाट

---

## श्री सुदनवती देवीलाल फूलमन्ती जनता माध्यमिक विद्यालय

सीतापुर भूर्कि (सप्तरी)
स्थापित : २०१७
प्रदेश नं.२ निर्वाचन क्षेत्र नं. १
अग्निसाइर कृष्णासवरन गाउँपालिका वडा नं.२
विद्यालय कोड : १४१०९०००२

पत्र संख्या : २०७७/७८
चलानी नं. : ६०
मिति : २०७७/०९/२६

विषय : विज्ञापन सम्बन्धमा ।

यस श्री सु.दे.फु.ज.मा.वि.सीतापुर भूर्की सप्तरीमा गठन भएको शिक्षक छनौट समितिको मिति २०७७।०९।२६ गते बसेको बैंठकको निर्णय अनुसार साथै अग्निसाइर कृष्णासवरन गाँउपालिकाको च.नं.९०१ मिति २०७७।०९।२६ गतेका पत्रानुसार निम्न पदहरुमा अस्थायी करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले मिति २०७७।१०।११ गतेसम्म आवेदन आइपुग्ने गरी तपसिलमा उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुसँग दरखास्त आह्वान गरिन्छ ।

तपसिल

१.आवेदन दिने मिति २०७७।१०।११ गतेसम्म
२.आवेदन दिने स्थान र समय :श्री सु.दे.फु.ज.मा.वि.सीतापुर भूर्की सप्तरीमा विद्यालय सञ्चालन हुने समयभित्र साथै आवेदन फाराम विद्यालयबाट रु १००। (एक सय)मात्र तिरी फाराम प्राप्त हुनेछ ।
३.सम्पर्क मिति २०७७।१०।१२ गते दिउँसो २:००बजेभित्र ।
४.लिखित परीक्षाको मिति सम्पर्क मितिको दिन तोक्ने छ ।
५.परीक्षा दस्तुर वापतको रकम यस श्री सु.दे.फु.ज.मा.वि.सीतापुर भूर्की ,सप्तरीको रा.बा.बैंक राजविराजको च.हि.नं.२१८०१००००१८३३००१ मा नगद बैंक दाखिला गरेको सक्कल भौचर आवेदनसाथ अनिवार्य संलग्न ,गर्नुपर्नेछ ।
६.उमेरः १८ वर्ष पुरा गरेको ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
७.बि.नं, पद, तह, परीक्षा दस्तुर र शैक्षिक योग्यता निम्न अनुसार रहनेछ ।

| बि.नं. | पद | तह | श्रेणी | पद संख्या | परीक्षा दस्तुर | विषय | शैक्षिक योग्यता | तलब भत्ता |
|---|---|---|---|---|---|---|---|---|
| ०१/०७७।०७८ | प्रशिक्षक | माध्यमिक कक्षा ९ र १० | तृतीय | १ | २५००। | सिभिल | बि.ई. | प्रचलित स्केल |
| ०२/०७७।०७८ | सहायक प्रशिक्षक | निम्न माध्यमिक | तृतीय | १ | २५००। | सिभिल | कक्षा १२, डिप्लोमा | प्रचलित स्केल |
| ०३/०७७।०७८ | प्रशिक्षण सहायक | प्राथमिक | तृतीय | १ | १५००। | - | 10+2 Science / TSLC (सिभिल) | विद्यालयको निर्णय अनुसार |

नोट.:
क)माथि उल्लेखित शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी आफैले प्रमाणित गरी २/२ प्रतिका दरले आवेदन साथ दिनुपर्नेछ ।
ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान २ साथै हालसालै खिचेको PP Size फोटो २ प्रति
ग) अन्तरवार्ताको समयमा उम्मेदवारहरुले शैक्षिक योग्यताको प्रमाणपत्रको साथै निरोगिता प्रमाणपत्र साथमा लिई उपस्थित हुनुपर्नेछ ।

सम्पर्क नं.९८१४७१६५९९

सदस्य सचिव
शिक्षक छनौट समिति

---

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# लोकेन्द्र स्मृती पुरस्कार राउत तथा उमा सिंह पुरस्कार मालीलाई प्रदान

**राजविराज**/२७ औं लोकेन्द्र स्मृति पत्रकारीता पुरस्कार धर्मपाल राउतलाई प्रदान गरिएको छ ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीद्वारा स्थापित 'लोकेन्द्र स्मृति पत्रकारीता पुरस्कार' बाट यस वर्ष सञ्चारकर्मी राउतलाई प्रदान गरिएको हो ।

यस्तै पत्रकार उमा सिंहको स्मृती एवं सम्मानमा आजको वातावरण दैनिकद्वारा स्थापना गरिएको वातावरणीय पुरस्कार भुपदेव मालीलाई प्रदान गरिएको छ ।

पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झाले पत्रकार राउतलाई तथा आजको वातावरण दैनिकका सम्पादक बैजनाथ झाले पत्रकार मालीलाई नगद तथा कदरपत्रबाट सम्मानित गरे ।

महासंघ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गाको अध्यक्षता तथा पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झाको प्रमुख आतिथ्यमा आयोजित पुरस्कार वितरण समारोहमा वरिष्ट पत्रकार शिवहरि भट्टराई, उद्योग बाणिज्य संघका अध्यक्ष अरुण प्रधान, निजामति कर्मचारीको आधिकारी ट्रेड युनियन सप्तरीका अध्यक्ष अजयकुमार झा, उपाध्यक्ष श्यामसुन्दर यादव, महासंघका पूर्वसभापति धिरेन्द्र साह, प्रकाश खतिवडा, विष्णु मण्डल, प्रदेश सचिव रामनारायण विश्वास, आदिवासी जनजाती पत्रकार महासंघ सप्तरीकी अध्यक्ष प्रियासिंह थारुलगायतले शुभकामना दिएका थिए ।

सोही कार्यक्रममा सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष अरुण प्रधानले लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार कोषमा ११ हजार रुँपैया सहयोग प्रदान गरेका छन् ।

राजविराजबाट प्रकाशित नवीन साप्ताहिकको सहसम्पादकको रुपमा कार्यरत स्व. लोकेन्द्र बुढाथोकीको बि.स. २०५१ सालमा राजविराजस्थित डेरामा शंकास्पद अवस्थामा मृत्यु भएको थियो । उनी सल्यान जिल्लामा जन्मिए पनि राजविराजस्थित बालकल्याण गृहमा हुर्केका थिए । उनी सप्तरी जिल्लालाई कर्मथलो बनाएर शाहसिक रुपमा पत्रकारिता गर्दै थिए । हालसम्म उनको मृत्यु बारेको अनुसन्धान गर्भमै रहेको छ ।

# पानी शुद्धा गर्ने फिल्टर हस्तान्तरण

**राजविराज**/सप्तरी समुदायिक विकास केन्द्र नेपाल राजविराजले शुक्रबार सप्तरीको दुई स्वास्थ्य चौकीमा पानी शुद्धा गर्ने फिल्टर हस्तान्तरण गरेको छ ।

युनिसेफ र एनसीभीको आर्थिक सहयोगमा सप्तरी सामुदायिक केन्द्र नेपालद्वारा सञ्चालित कोभिड १९ पूर्वतयारी तथा प्रतिकार्य परियोजना अन्तर्गत जिल्लाको रुपनी गाउँपालिका वडा नं. ६ स्थित तेरहौता तथा शम्भुनाथ नगरपालिका ८ स्थित भंगहा स्वास्थ्य चौकीमा सो फिल्टर हस्तान्तरण गरिएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन् ।

क्वारेन्टाइन र आइसोलेशन तथा स्वास्थ्य उपचार केन्द्रहरूमा खानेपानी, सरसफाई, स्वच्छता व्यवस्थापन, पुर्वाधार मर्मत सम्भार तथा नयाँ निर्माण र पानी शुद्धिकरणका लागि फिल्टर प्लान्ट हस्तान्तरण गरिएको उनले बताए ।

सो अवसरमा भंगहा स्वास्थ्य चौकीका प्रमुख, रुपनी गाउँपालिका अध्यक्ष हरेराम यादव र प्रमुख प्रशासकिय अधिकृत रेनुका साह, वडा अध्यक्ष लक्ष्मिकान्त चौधरी, एनसीभी नेपालका अध्यक्ष गौतम यादव, कार्यक्रम व्यवस्थापक सागर शाही, प्रदेश संयोजक बिभुषण कार्की, इन्जिनियर हेम नारायण अर्याल, संस्थाका वित्तिय तथा प्रशासन अधिकृत इमरान अलि, टिम लिडर देव बिलाश यादव लगायतको उपस्थिति रहेको थियो ।

# पृथ्वी जयन्तिमा विविध कार्यक्रम

**राजविराज**/हिन्दु राष्ट्र समर्थकहरुले पृथ्वी जयन्तिको अवसर पारेर विविध कार्यक्रमको आयोजना गरेको छ ।

२०४७ को संविधान, हाम्रो अभियान नामक संगठनले आयोजना गरेको आमसभामा स्व. पृथ्वी नारायण शाहको योगदान बारे चर्चा गर्दै हिन्दु राष्ट्रसहित राजतन्त्र पुर्नस्थापनाको माग गरेको छ ।

संगठनका अध्यक्ष किशोरी महतोले मुलुकको अवस्था अत्यन्त गम्भिर रहेको भन्दै निकासका लागि राजतन्त्र पुर्नस्थापना र हिन्दु राष्ट्र कायम गर्नु आवश्यक रहेको बताए ।




त्यस्तै नरसिंह हिन्दु सेना नेपाल सप्तरीले स्व. पृथ्वी नारायण शाहको मूर्ती र बाजागाजासहित राजविराज नगर परिक्रमा गरेको थियो ।

यसैगरि राष्ट्रिय प्रजातन्त्र पार्टीले राष्ट्रिय निर्माता पृथ्वी नारायण शाह, हिन्दु राष्ट्र तथा राजतन्त्रको पक्षमा नारा लगाउँदै मोटरसाइकल र्‍याली निकालेका थिए ।

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**<u>यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ</u>**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**<u>महत्वपूर्ण सवाल :</u>**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तर्राष्ट्रिय समाचार

# महामारीको कारण अन्तराष्ट्रिय आप्रवासनमा झण्डै ३० प्रतिशतले कमी

**संयुक्त राष्ट्र संघ**/कोरोनाभाइरस महामारीका कारण विश्वव्यापी आप्रवासन दरमा अघिल्लो वर्षको तुलनामा झण्डै ३० प्रतिशतले कमी आएको संयुक्त राष्ट्रसंघले जानकारी गराएको छ ।

सन् २०१९ र २०२० बीचमा करिब २० लाख कम व्यक्ति आप्रवासीका रूपमा विदेशीएका शुक्रबार सार्वजनिक राष्ट्रसंघको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

२०२० मा लगभग २८ करोड १० लाख मानिसहरू आफ्नो मूल देश बाहिर बसिरहेका तथ्याङ्कमा उल्लेख छ ।

'अन्तर्राष्ट्रिय आप्रबासन २०२०' शीर्षकको प्रतिवेदनमा दर्ता गराइएको दुई तिहाई आप्रवासीहरू २० देशहरूमा बसोबास गरिरहेका छन् । सबैभन्दा बढी आप्रबासी रहेको देश संयुक्त राज्य अमेरिकामा सन् २०२० मा कूल पाँच करोड १० लाख अन्तर्राष्ट्रिय आप्रवासीहरू बसोबास गर्दै आएका संयुक्त राष्ट्रसंघको तथ्याङ्कमा उल्लेख छ ।

यसपछि जर्मनीमा एक करोड ६० लाख, साउदी अरबमा एक करोड ३० लाख, रूसमा एक करोड २० लाख र बेलायतमा ९० लाख आप्रबासीहरू रहेका छन् ।

सन् २०२० मा देश छोडी अन्य मुलुकमा काम वा बसोबास गर्नेहरूको सूचीमा सबैभन्दा धेरै भारतीय रहेको राष्ट्रसंघले जनाएको छ । सन् २०२० सम्ममा एक करोड ८० लाख भारतीय नागरिकले काम वा बसाई सराईका कारण देश छोडेको तथ्याङ्कमा उल्लेख छ ।

यसबाहेक धेरै आप्रबासनका लागि देश छोड्ने मुलुकहरूमा मेक्सिको, रूस, चीन र सिरिया रहेका छन् । राष्ट्रसंघीय प्रतिवेदन अनुसार मेक्सिको र रूसबाट विदेशमा काम, पढाई वा बसाइ सराई गर्दै आएका नागरिकको सङ्ख्या एक करोड ११ लाख रहेको छ भने चीनको एक करोड र सिरियाको ८० लाख रहेको छ ।

सन् २०२० मा सबैभन्दा बढी अर्थात् ८७ प्रतिशत अन्तर्राष्ट्रिय आप्रबासीहरू यूरोपमा रहेका छन् । यूरोपमा एक देश जन्मिएका तर अर्को देशमा बसोबास वा काम गर्दै आएका आप्रबासीको सङ्ख्या ७० प्रतिशत रहेको छ । एजेन्सी

# भारतमा कोरोनाविरुद्धको खोप लगाउन सुरु, प्रधानमन्त्री मोदीद्वारा उद्घाटन

**नयाँदिल्ली**/भारतमा कोरोनाविरुद्धको खोप लगाउन शनिबारदेखि सुरु गरिएको छ । भिडियो सम्मेलनमार्फत् प्रधानमन्त्री नरेन्द्र मोदीले खोप अभियानको शनिबार उद्घाटन गर्नुभएको हो । यस अभियानलाई विश्वकै सवैभन्दा ठूलो खोप अभियान भनिएको छ ।

अभियानअन्तर्गत सवैभन्दा पहिला कोरोनाविरुद्धको लडाईमा अग्रपक्तिमा खटिएकाहरुलाई खोप लगाउने मापदण्ड बनाइएको छ । अग्रपङ्क्तिका सेवाप्रदायकसहित पहिलो चरणमा झण्डै तीन करोड मानिसलाई खोप लगाउने भारतीय सरकारको तयारी छ ।

खोप लगाउनका लागि देशभरी तीन हजार ६ ठाउँमा खोप केन्द्रको व्यवस्था गरिएको र ती सवै भर्चुअल माध्यमबाट एक अर्कामा सम्पर्कमा रहने व्यवस्था गरिएको अधिकारीहरुले जनाएका छन् । शनिबार पहिलो दिन हरेक खोप केन्द्रमा सय जनाको दरले खोप लगाउन सक्ने जनाइएको छ ।

खोपका लागि एकिकृत बालविकास सेवाका कर्मचारीसहित सरकारी तथा नीजि क्षेत्रका स्वास्थ्यकर्मीहरुलाई सवैभन्दा पहिलो प्राथमिकतामा राखिएको छ ।

दैनिक विहान ९ बजेदेखि बेलुका ५ बजेसम्म खोप सेवा उपलब्ध गराइने केन्द्रीय स्वास्थ्य मन्त्री डा. हर्ष बर्धनले जानकारी दिनुभयो । उहाँले कोरोनाविरुद्धको खोप अभियान सुरु हुनुलाई "कोरोनाको अन्त्य नै सुरु भएको" रुपमा लिनु भएको छ ।

अर्को चरणमा ५० बर्षभन्दा बढी उमेरका व्यक्तिलाई मात्रै खोप दिइने मापदण्ड बनाइएको सरकारी अधिकारीहरुले जनाएका छन् । वृद्धवृद्धाहरु कोरोनाभाइरसबाट सङ्क्रमणको उच्च जोखिम हुने र सङ्क्रमित भइसकेपछि जित्न पनि गाह्रो हुनेभएकाले उनीहरुलाई प्राथमिकतामा राखिएको उनीहरुले जनाएका छन् ।

उमेरले ५० बर्षभन्दा कम भएकाहरु पनि गम्भीर अवस्थाका विरामी छन् भने पनि उनीहरुलाई खोप लगाइने मापदण्डमा उल्लेख छ ।

भारतमा दुई प्रकारका खोप लगाउनका लागि सरकारले अनुमति दिएको छ । यही ३ जनवरीमा खोप लगाउन अनुमति दिने निर्णय सरकारले गरेको थियो । भारत बायोटेकले बनाएको कोभ्याक्सीन र अक्सफोर्ड विश्वविद्यालयसँग एस्ट्राजेनेका कम्पनीले बनाएको कोभिशिल्ड प्रयोग गर्न सरकारले अनुमति दिएको हो ।

खोप अभियानको उद्घाटन गर्दै प्रधानमन्त्री मोदीले कोरोना महामारी विरुद्धको सङक्रमण भारतीयहरु एकताबद्ध भएर लडेको बताउँदै खोपका लागि पनि भारतले कडा परिश्रम गरिरहेको बताउनु भयो । "यति धेरै जनसंख्या भएको भारतमा महामारीका समयमा मानिसहरुले स्वास्थ्य मापदण्ड अपनाउँदा क्षति कम भएको छ । एक करोडभन्दा बढी मानिसहरुले महामारीसँग लडेका छन् र जितेका छन् । अन्य मुलुकभन्दा भारतमा महामारीको प्रभाव निकै न्युन छ" उहाँले भन्नुभयो । एजेन्सी

# चिसोबाट बच्न दाउरा बितरण



**राजविराज**/चिसोका कारण सप्तरीको जनजिवन कष्टर बन्दै गएको बेला वन तथा विभिन्न स्थानिय तहले दाउरा बितरणको गरेको छ ।

चिसोबाट बढी प्रभावित हुने गरिब असहाय तथा विपन्न परिवारलाई लक्षित गरि डिभिजन वन कार्यालय सप्तरीले दाउरा बितरण गरेको हो ।

नगर तथा ग्रामिण क्षेत्रका चौक, सार्वजनिक स्थानमा आवागमन गर्ने बटुवा तथा विपन्न बस्तिमा बसोवास गर्ने मानिसहरुलाई लक्षित गरि दाउरा बितरण सुरु गरिएको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सन्तोष झाले जानकारी दिएका छन् ।

यसैगरि जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाले पनि वन कार्यालयको समन्वयमा दाउरा खरीद गरि चिसोले बढी प्रभावित बस्तिमा गएर दाउरा बालेर आगो ताप्ने ब्यवस्था मिलाउन लागेको जनाएको छ ।

चिसोले बालबालिका तथा बृद्धबृद्धाहरु बढी प्रभावित हुन थालेका छन् । बिहानै देखी चल्ने शितलहर र हुस्सुका कारण घरबाट अत्यावश्यक काम भए मात्र मानिस बाहिर निस्कने गरेका छन् ।

यसअघि बिहीबार चिसोले जनजिवन कष्टकर बन्दै गएपछि २ नं. प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजको सहयोगमा बिहीबार नगरको विभिन्न ८ वटा सार्वजनिक स्थानमा आगो ताप्ने व्यवस्था मिलाएको थियो ।

# बिद्युतीय धरापमा परि मृत्यु भएको हात्तिको अन्त्येष्टि

**राजविराज**/विद्युतीय धरापमा परि मृत्यु भएको हात्तिको हिन्दु परम्परा अनुसार अन्त्येष्टि गरिएको छ । विद्यतीय धरापमा परि हात्तिको शनिबार बिहान मृत्यु भएको थियो ।

हिन्दु परम्परा अनुसार घटनास्थल नजिकै गहिरो खाल्डो खनेर हात्तिलाई पण्डित समेतको उपस्थितिमा अन्त्येष्टि गरिएको जिल्ला वन अधिकृत सन्तोष झाले जानकारी दिएका छन् ।

यसैबीच जंगली हात्तिको मृत्यु भएको घटनाप्रति जिल्ला वन कार्यालय सप्तरीले चिन्ता व्यक्त समेत गरेको छ । जंगली जनावरलाई विद्युतीय पासो थापेर यसरी मार्ने काम गैरकानुनी भन्दै वन अधिकृत झाले मानव तथा वन्यजन्तु बीचको डरलाग्दो स्वरुप भएको समेत बताए ।

यता विद्युतीय धराप थाप्ने व्यक्ति हाल फरार रहेको जानकारी दिँदै उनले निजमाथी कानुनी कारवाही गरिने बताउँदै वन्यजन्तुहरुको संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम अघि बढिसकेको उनको भनाई छ ।

यसअघि डेढ महिनाअघि जिल्लाको कंचनरुप नगरपालिका ५ स्थित परेमारामा कोशी टप्पु वन्यजन्तु आरक्षबाट आएको अन्दाजी २०/२१ वर्षको हात्ति विद्युतीय पोलमा करेन्ट लागेर मृत्यु भएको थियो ।

पछिल्लो पटक शनिबार सोही ठाउँबाट आएको अर्को १८/१९ वर्षिय हात्ति खडक नगरपालिका ४ अमाहाका कृषक गोसाईराम चौधरीले गहुँबालीको सुरक्षाका लागि खेतमा जडान गरेको विद्युतीय तारमा परि मरेको हो ।

# योग दिवसमा योगाभ्यास र प्रवचन

**राजविराज**/जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र राजविराजले छैठौं राष्ट्रिय योग दिवसमा योगाभ्यास तथा प्रवचन कार्यक्रम गरेको छ ।

आयूर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा. शिवशंकर यादवले कार्यक्रममा सहभागिहरुलाई योगको प्रशिक्षण दिनुका साथै यसको महत्व बारे जानकारी गराएका छन् ।

"योग गरौं डटेर, कोरोना जान्छ हटेर" मुल नाराका साथ आयोजित कार्यक्रममा सुरक्षा निकाय, स्वास्थ्य संस्था, नागरिक समाज, ब्रहमाकुमारी राजयोग सेवा केन्द्र लगायत विभिन्न संघ संस्थामा आवद्धहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकरी शंकरहरि आचार्यले योगको प्रभाव जनस्तरमा बढाउन यस्ता कार्यक्रमले ठूलो मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे ।

योगले मनुष्यको तन र मन दुबै स्वास्थ्यका लागि विशेष महत्व राख्ने भएकाले केन्द्र परिसरमा विगत एकसाता देखी निशुल्क योग शिविर समेत संचालन गरिएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा. यादवले जानकारी दिए ।

# चिसोका कारण विद्यालय जान समस्यामा परेका बालबालिकालाई न्यानो कपडा बितरण

**राजविराज**/सैंनिक श्रीमती संघ तथा अजिज फाउण्डेशन नेपालले चिसोका कारण विद्यालय जान समस्यामा परेका बालबालिकालाई न्यानो कपडा बितरण गरेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित कोशी नदीको बीचमा रहेको गोबरगाढाको सारदा आधारभूत विद्यालयका बालबालिकालाई न्यानो कपडा बितरण गरिएको हो ।

विद्यालयमै पुगेर सैनिक श्रीमती संघ भद्रकालिले १ सय ३५ बालबालिकालाई स्कुल ब्याग, जुत्ता, मोजा तथा अजिज फाउण्डेशन नेपालले ट्र्याकसुट र टिसर्ट बितरण जनाएको छ ।

नेपाली सेना भिम दल गण राजविराजसितको समन्वयमा विद्यालयमा आयोजित कार्यक्रममा सैनिक श्रीमती संघी सदस्य सुप्रिया थापा, भिम दल गणका गणपति प्रमुख सेनानी निरज भण्डारी, फाउण्डेशनका संस्थापक अध्यक्ष सेरकी लामु शेर्पा, संस्थापक सदस्य रोशन भण्डारी, एम्बेसडर डा. किशन भण्डारी लगायतले उक्त सामाग्रि बालबालिकालाई बितरण गरे ।

यसअघि अपाङ दिवसको अवसर पारेर सैनिक श्रीमती संघले शारीरिक रुपमा अशक्त भई कष्टकर जिवन बिताउन बाध्य १३ जनालाई ह्वील चेयर बितरण गरेको थियो ।

# एक वर्षमा १८ हजार आँखाका बिरामीको उपचार

**राजविराज**/राजविराजस्थित सगरमाथा चौधरी आँखा अस्पताल उपचार केन्द्रले एक वर्षको अवधीमा १८ हजार आँखाका बिरामीहरुको उपचार गरेको जनाएको छ ।

राजविराज नगरपालिका वडा नं. ९ मलेठस्थित आँखा अस्पताल उपचार केन्द्रमा सन् २०२० को जनवरीदेखि डिसेम्बर सम्ममा झण्डै १८ हजार बिरामीको उपचार गरिएको कार्यालय प्रमुख रामकुमार झाले जानकारी दिएका छन् ।

उपचार सेवा पाएका मध्ये करिब २ हजार ३ सय ३१ जनामा मोतिया बिन्दुका बिरामी जसमध्ये १ हजार ७ सय ५२ जना भारतीय नागरिक समेतको उपचार गरिएको प्रमुख झाकने भनाई छ । यस्तै कोभिड १९ का कारण सबै अस्पतालहरु बन्द भएको बेलामा पनि सधै संचालमा रहेको अस्पतालमा दैनिक रुपमा स्वास्थ्य मापदण्ड अनुसार बिरामीको उपचार गरिएको प्रमुख झाको दाबी छ ।

तीस शैया रहेको अस्पतालमा हप्ताको प्रत्येक शुक्रबार मोतिया बिन्दुको शल्यक्रिया गर्ने गरिन्छ । साथै आँखाको बिरामी बढेको अवस्थामा हप्तामा दुई पटक पनि शल्यक्रिया गर्ने योजना रहेको प्रमुख झाले बताए ।

सन् २००२ मा स्थापना भएको आखा अस्पतालमा अहिले दैनिक रुपमा १ सय ५० देखि दुई सय सम्म आँखाका बिरामीहरु उपचारका लागि आउने गरेका छन् ।












**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*